जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १८३ २०८१ साल फागुन ६ गते मंगलबार (18 Feb. 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : प्रजातन्त्र र समाजवाद ... ३ पृष्ठमा : वन र निकुञ्ज क्षेत्रमा ... ३ पृष्ठमा : तालिबान प्रतिनिधिमण्डल दुर्लभ ...

# बिटौरी जग्गाको समस्या समाधान गर्न प्रधानमन्त्रीलाई पठाईयो ज्ञापन पत्र, ७ दिन भित्र माग सम्बोधन नभए चरणबद्ध आन्दोलन गर्ने चेतावनी

**दैनिक समाचारदाता**
**राजबिराज, ५ फागुन ।**

राजविराज नगरपालिकामा रहेको बिटौरी जग्गाको समस्या समाधान गर्न सोमबार प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाईएको छ ।

बिटौरी जग्गा समस्याबाट पीडित नगरवासीहरुले नेपाली काँग्रेसका नेता इरसाद अन्सारीको संयोजकत्वमा संघर्ष समिति गठन गरि आन्दोलनको चेतावनी सहित प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाईएको हो ।

संघर्ष समिति संयोजक अन्सारीले सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहाल मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका हुन् । ज्ञापनपत्र बुझाउनु अघि संघर्ष समितिले राजबिराजमा विरोध प्रदर्शन समेत गरेका थिए ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई पठाइएको ज्ञापनपत्रमा वि.स.२०१६ साल मै नगरपालिका घोषणा भई नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दाँया बाया पुस्तौ देखी वसोवास गर्दै आएका नगरवासीले जग्गाधनी पुर्जा नपाउँदा समस्यामा परेको उल्लेख छ । राजबिराजमा झण्डै ५ हजार २ सय परिवार वर्षौ देखी जग्गाधनीपूर्जा विहिन छन् ।

बिटौरी रसिदका आधारमा वासोवास गर्दै आएका नगरवासीहरु जग्गाधनी पुर्जा नभएकै कारण बैंक तथा बित्तिय संस्थामा जग्गा धितो राखी ऋण कर्जा लिनबाट बञ्चित रहेको लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बन्चित भएको ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

“विगत ८ वर्ष देखी श्रेस्ता र कम्प्युटरमा कुनै रेर्कड नभएको भन्दै भुमिसुधार तथा मालपोत कार्यालयले रोक्का गर्न नमानेपछी नगरवासी बैंक तथा वित्तिय संस्थाबाट पाउनुपर्ने सेवा सुविधाबाट बञ्चित छन” ज्ञापनपत्रमा उल्लेख छ ।

बिटौरी जग्गाको बर्षौ देखी कर लिदै आएको राजबिराज नगरपालिकाले जग्गाधनी पुर्जा र नक्शापास समेत उपलब्ध नगराउदा बैंक तथा वित्तिय संस्थाले त्यस्तो जग्गा धितो राख्न मानेको संयोजक अन्सारीले बताए । “त्यसैले गर्दा यहाँको ब्यापार व्यवसाय चौपट हुनुका साथै शिक्षा, उपचार लगायतका कार्यमा समेत नगरवासीलाई समस्या परेको छ” अन्सारीले भने ।

पुस्तौ देखी बसोबास गर्दै आएका आफ्नै जग्गा पनि समस्या पर्दा बैक तथा वित्तिय संस्थामा धितो राखेर ऋण लिन नपाउनु दु:खद र निन्दनीय भएको ज्ञापनपत्रमा भनिएको छ ।

७ दिनको समय सिमा दिएर आन्दोलनको कार्यक्रम सहित बुझाइएको ज्ञापनपत्रमा फागुन १५ गते राजबिराजमा प्रर्दशन, तथा विरोधसभा, फागुन १८ गते राजबिराज बन्द, फागुन २१ गते नगरका घर र पसलमा कालो झण्डा झुण्ड्याउने, फागुन २५ गते राजबिराज नगरपालिका कार्यालयमा तालाबन्दी, फागुन २८ गते नापी र भुमिव्यवस्था मालपोत कार्यालयमा तालाबन्दी तथा चैत्र २ गते देखी गजेन्द्र चौकमा अनिश्चितकालिन रिले अनशन सूरु गर्ने संघर्ष समितिले गरेको निर्णयमा उल्लेख छ ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले तत्कालै सम्बन्धित निकायमा पठाउने प्रतिबद्धता जनाएको संर्घष समितिले जनाएको छ ।

काँग्रेस सप्तरीका सचिव

*बाँकी चार पृष्ठमा*



# रासस सप्तरीले मनायो ६४औं वार्षिकोत्सव



**दैनिक समाचारदाता**
**राजबिराज, ५ फागुन ।**

राष्ट्रिय समाचार समिति (रासस) सप्तरीले राजविराजमा सोमबार ६४औं वार्षिकोत्सब मनाएको छ ।

‘राससमा समवेशी पत्रकारिताको विकास’ विषयक अन्तरक्रिया कार्यक्रम गर्दै राससले बार्षिकोत्सब मनाएको हो ।

कार्यक्रमका प्रमुख अतिथि राजबिराज नगरपालिका कार्यवाहक नगरप्रमुख इसरत परवीनले पत्रकारहरु स्थानिय तहमा पत्रकार सूचना लिन जाँदा कर्मचारीहरु डराउने गरेको बताईन् । नियम संगत र प्रक्रियागत रुपमा काम गरेपछि सूचना दिन कसैले पनि डराउन नहुने बताउँदै । “हामीले नियम प्रक्रियागत काम गरेका छौं । यदि गरेका छैनौं भने त्यो पनि जनता समक्ष आउनु पर्‍यो” उनले भनिन् ।

राजविराज नगरपालिकामा सूचना माग्न आउनेलाई विधि पुर्वक सूचना उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिएको उल्लेख गर्दै पत्रकारहरुले सूचना लिएर नगरपालिका भित्र भईरहेको क्रियाकलाप जनता समक्ष पुर्‍याउन आग्रह गरिन् ।

राससका कार्यालय प्रमुख शम्भु प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रमका विशिष्ठ अतिथि नेपाल पत्रकार महासंघका अध्यक्ष श्रवण कुमार देवले पछिल्लो चरणमा युट्युवरहरुको कारण समग्र पत्रकारिता क्षेत्र वदनाम भईरहेको बताए । उनले पत्रकारितामा आएको छाडापनलाई नियन्त्रण गर्न आवश्यक रहेको जनाउँदै अनुशासनको दायरामा रहेर पत्रकारीता गनुपर्ने आवश्य रहेकोले अचारसंहिताको पालना गरि मात्र पत्रकारिता गर्न आग्रह पत्रकारहरुलाई आग्रह गरे ।

कार्यक्रममा विशिष्ट अतिथि जिल्ला समन्वय समिति सप्तरीका उप-प्रमुख शम्भु यादव, प्रमुख जिल्ला अधिकारी भोला दाहाल,

*बाँकी चार पृष्ठमा*

# हत्याका फरार अभियुक्त १८ बर्षपछि पक्राउ



**दैनिक समाचारदाता**
**राजबिराज, ५ फागुन ।**

सप्तरी प्रहरीले हत्या गरेर फरार भएको अभियोगमा दुईजना व्यक्तिलाई पक्राउ गरेको छ ।

एक महिलालाई बिष खुवाएर मारेको आरोपमा दुवै जनालाई प्रहरी पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा साविकको हर्दिया गाविस ६ (हाल सुरुङा नगरपालिका २) घर भएका शुभनारायण यादव र बद्रीनाथ अधिकारी छन् ।

दुबैलाई सप्तरी जिल्ला अदालतबाट पक्राउ अनुमति लिई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

*बाँकी चार पृष्ठमा*

# वैवाहिक वर्षगाँठमा विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान

**दैनिक समाचारदाता**
**राजबिराज, ५ फागुन ।**

राजबिराजका एक दम्पतीले विवाह भएको २५औं बर्षगांठमा विद्यार्थीहरुलाई सोमबार शैक्षिक सामग्री वितरण गरेका छन् ।

राजबिराज नगरपालिका ७ घर भएका मनिष दुगड र उनकी श्रीमती मधु दुगडले सोही वडा स्थित आधारभुत केन्द्र नम्बर २ विद्यालयका ९० जना बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेका हुन्

विद्यालयमा बालविकास देखि कक्षा ६ सम्मका अध्ययनरत विपन्न परिवारका ९० जनालाई स्कूल ब्याग, काँपी, कलम, पेन्सिल, कटर, इरेजर, सार्पनर लगायतका शैक्षिक सामग्री वितरण गरिएको दुगड परिवारले जनाएका छन् ।

वैबाहिक वर्षगाठमा गरिने

*बाँकी तीन पृष्ठमा*

**साइवर सुरक्षाबारे सचेत रहौं**

- अपरिचित लिङ्क वा मेल नखोलौं,
- चिठ्ठा पर्यो भनि आएको मेल/लिङ्कहरूको विश्वासमा नपरौं,
- विभिन्न उपहार पठाउन रकम माग गरे विश्वास नगरौं,
- आफ्नो फोटो, भिडियो तथा व्यक्तिगत जानकारी जो कोहीसँग सेयर नगरौं,
- आकर्षक रोजगारी पाउने प्रलोभनमा रकम नपठाऔं,
- चिनजानकै व्यक्तिबाट मेसेजमा रकम माग गरेमा ह्याक भएको हुनसक्छ, त्यस्तो अवस्थामा रकम नपठाऔं,
- सार्वजनिक स्थानमा उपलब्ध फ्रि वाइफाइमा वैङ्किक कारोबार वा संवेदनशील जानकारी आदानप्रदान नगरौं ।

**शंका लागेमा नजिकको प्रहरी वा साइवर व्युरोमा सम्पर्क गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## राष्ट्र निर्माणमा सबैको सहभागिता जरुरी छ : उपप्रधानमन्त्री सिंह

काठमाडौँ, ५ फागुन (रासस)।

उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले राष्ट्र निर्माणको प्रक्रियामा सबैको सहभागिता जरुरी भएको बताउनुभएको छ। 'मनास्लु वर्ल्ड स्कुल'ले आज आयोजना गरेको कार्यक्रममा उहाँले कुनै पनि विकसित देश एकै दिनमा नबनेको बताउनुभयो।

अहिलेका विकसित देशहरू बन्न पनि वर्षौं लागेको उल्लेख गर्दै उपप्रधानमन्त्री सिंहले समृद्ध नेपाल बनाउने अभियान अघि बढिरहेकाले चाहेजस्तो देश बनाउन केही समय लाग्ने र त्यसमा सबै नेपालीको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो। अहिले व्यवस्था परिवर्तन भयो तर अवस्था फेरिएन भनेर गलत भाष्य बनाइएको उल्लेख गर्दै प्रजातन्त्र प्राप्तिपछि सबै क्षेत्रमा ठूलो परिवर्तन भएको उहाँको भनाइ थियो।

उपप्रधानमन्त्री सिंहले देशमै गुणस्तरीय शिक्षा पाउने अवस्था बनेकाले देशभित्रै अवसर खोज्न युवाहरूलाई आग्रह गर्नुभयो। कडा मेहनत र परिश्रमविना लक्ष्य प्राप्ति गर्न असम्भव रहेकाले विद्यार्थीहरूले अध्ययनमा लगनशील हुनुपर्ने सुझाव दिनुभयो। देशमै अवसर भएकाले त्यसको सदुपयोग गर्ने सोच विकास गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

"गुणस्तरीय शिक्षा मात्र सबैथोक होइन। सम्पूर्ण व्यक्तित्व विकासमा ध्यान दिनुस्। क्षमता भएर मात्रै हुँदैन। कडा मेहनत र अनुशासनन चाहिन्छ," उपप्रधानमन्त्री सिंहले भन्नुभयो।

कार्यक्रममा उपप्रधानमन्त्री सिंहले समाजसेवी अनुराधा कोइराला, नायक राजेश हमाल, राष्ट्रिय फुटबल खेलाडी किरण चेम्जोङ, शिक्षाविद् बालचन्द्र देवकोटा र पत्रकार राजेन्द्र बानियाँलाई सम्मानपत्र पदान गर्नुभएको थियो।

## महासचिव पोखरेलद्वारा अर्थमन्त्री पौडेल र नगरप्रमुख आचार्यको स्वास्थ्यलाभको कामना

काठमाडौँ, ५ फागुन : नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले कीर्तिपुर अस्पतालमा उपचाररत उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको स्वास्थ्यलाभको कामना गर्नुभएको छ।

महासचिव पोखरेल सोमवार अस्पताल पुगी उहाँहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको थियो। सो क्रममा उहाँले स्वास्थ्यलाभको कामना गर्नुभएको उहाँका स्वकीय सचिव सरोज रेग्मीले जानकारी दिनुभयो। उपप्रधानमन्त्री पौडेल र नगरप्रमुख आचार्य पोखरामा शनिबार भएको एक कार्यक्रम उद्घाटनका क्रममा बेलुन पड्किँदा घाइते भई हाल उक्त अस्पतालको सघन उपचार कक्षमा उपचार गराइरहनुभएको छ।

उहाँहरूको अवस्था बुझ्न र स्वास्थ्यलाभको कामना गर्न राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसमेत अस्पताल पुग्नुभएको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रजातन्त्र र समाजवाद उन्मुख अर्थतन्त्र

***शीतलप्रसाद महतो***

काठमाडौँ, ५ फागुन (रासस)।

मुलुकको आर्थिक रूपान्तरण अहिलेको आम चासोको मुख्य विषय हो। पछिल्लो समय यो राजनीतिक असन्तुष्टि पोख्ने मुख्य मुद्दा पनि बनेको छ। मुलुकमा प्रजातन्त्र स्थापना भएको चार दशकभन्दा बढी भइसक्दा पनि आमनागरिकको आर्थिक अवस्थामा बदलाव ल्याउन नसकेकामा आम असन्तुष्टि तीव्र देखिन्छ।

आर्थिक रुपान्तरण हुन नसक्दा मुलुकमा गरिबी, बरोजगारी र असमानता झन् बढ्दो छ। यसो हुनका प्रमुख कारण राजनीतिक अस्थिरता र छिटोछिटो सरकार परिवर्तनलाई देखाइने गरिन्छ। त्यसो त सरकार परिवर्तनको कार्यलाई लोकतान्त्रिक अभ्यासको रूपमा व्याख्या गरिएको छ। नेपालको संविधानले समाजवादोन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको समावेशी राष्ट्रको रूपमा आफूलाई स्थापित गरेको छ।

हुन त समाजवाद, सामाजिक न्याय र समानताका लागि आवश्यक छ। अर्को अर्थमा भने हो भने समाजको हित नै समाजवाद हो। वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र सबैप्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक शासन पद्धतिको माध्यमद्वारा दिगो विकास, सुशासन र समृद्धि गर्नु नै समाजवादी अर्थव्यवस्थाको मूल लक्ष्य रहेको छ। यो लक्ष्यमा पुग्नका लागि मुलुकको सङ्घीय संरचनामा तीन तहको सरकारको व्यवस्था गरेको छ। मुलुकमा उच्चस्तरको आर्थिक रुपान्तरण हासिल गर्ने हो भने तीनै तहका सरकारले गरिब, विपन्न र आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्ग एवं समुदायलाई राष्ट्रिय विकासको मूलप्रवाहमा ल्याई उनीहरूलाई राज्यको उत्पादनशील स्रोत साधनमाथिको पहुँच, उपभोग र नियन्त्रणमा समानता र न्याय स्थापना गर्नै पर्दछ।

वास्तवमा राणाशासनको अन्त्य गर्दै २००७ फागुन ७ गते स्थापना भएको प्रजातन्त्रले नै मुलुकमा आर्थिक विकासको जग राखेको थियो। २०४६, २०६३ र २०६५ सालको परिवर्तनको जग र २०७२ सालको संविधानको आधार पनि २००७ सालको प्रजातन्त्र नै होरु। त्यसैले प्रजातन्त्रलाई बलियो बनाउनु गणतन्त्र र सङ्घीयताका उपलब्धिलाई संस्थागत गर्ने आधार पनि होरु। प्रजातन्त्रका उपलब्धिको लाभ आम जनसमुदायसम्म पुर्‍याउन राज्यका सबै संरचनामा जनताको सहभागिता आवश्यक हुन्छ। राज्यका सबै संरचनामा जनताको सहभागिता प्रजातन्त्रमा मात्र सम्भव हुन्छ।

प्रजातन्त्रको विकल्प भनेको अझ उन्नत लोकतान्त्रिक अभ्यास मात्र हुन्छ। कुनै पनि मुलुकलाई अगाडि बढाउने दिशामा त्यहाँको संविधान नै मूलदृष्टि र मार्गचित्र हुने गरेको छ र हुनु पनि पर्दछ। मुलुकमा सङ्घीयताको कार्यान्वयनसँगै आम नागरिकले आधारभूत वस्तु तथा सेवाको सुनिश्चित, गरिबीबाट मुक्ति, रोजगारीको उपलब्धता, सामाजिक न्याय र समता, सामाजिक कल्याण र सुरक्षा, स्वतन्त्रता, नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूति, मानवअधिकारको सम्मान, स्वच्छ र सफा प्राकृतिक वातावरण, सक्षम सुदृढ, सबल र प्रभावकारी प्रशासकीय संयन्त्र र सेवाप्रवाहमा गुणस्तरीयता सहितको सबैले अनुभूति गर्न सक्ने विकासको अपेक्षा गरेका छन्। नेपालको संविधानको मूल सार नै समाजवादोन्मुख राष्ट्र निर्माण गर्ने उल्लेख भएबाट नेपालको आगामी यात्रा समुन्नत समाजवादी राष्ट्र निर्माणतर्फ केन्द्रीत भएको स्पष्ट छ। त्यसैले हाम्रो विकासको अवधारणा अब उपेक्षित, शोषित र बहिष्करणमा परेका समुदायको समानुपातिक समावेशीकरण, जोखिम व्यवस्थापन, सुशासनको प्रत्यभूति, दिगो शान्ति तथा समावेशी र समानुपातिक समन्यायिक विकास सहित राजनीतिक, आर्थिक, सामाजिक, वातावरणीय र प्रशासकीय समुत्थानतर्फ केन्द्रित हुनुपर्दछ। समाजवाद उन्मुख आर्थिक विकासका लागि स्थानीय, प्रदेश र सङ्घीय तहमा आर्थिक, सामाजिक र वातावरणीय विकास तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी नीति कस्तो हुनुपर्छ भन्ने कुरामा अब बहस चलाउनु आवश्यक छ। त्यसैले अबको हाम्रो लक्ष्य भनेको नै सङ्घीयता कार्यान्वयनमार्फत समृद्ध र सम्मुन्नत नेपालको निर्माण गर्नु नै हो। यसैतर्फ नेपालका नीति तथा कार्यक्रम उन्मुख हुनुपर्छ।

**स्रोतसाधन र सम्पत्तिको न्यायोचित बाँडफाँट**

सङ्घीयता त्यतिबेला प्रभावकारी हुन्छ, जब राज्यका तीनै तहसँग स्रोतसाधनको उपयुक्त पहुँच र अधिकार सुनिश्चित हुन्छ। स्थानीय तह, प्रदेश र केन्द्रीय सरकारबीच एवं प्रदेश-प्रदेश र प्रदेश-स्थानीय तहबीच सम्पत्ति तथा आम्दानीको यथोचित बाँडफाँट नै सङ्घीयतामा आधारित शासन प्रणालीको सफलताको प्रमुख शर्त हो। त्यसैले सङ्घीय संरचनामा मुलुकको साधन र स्रोतको न्यायोचित बाँडफाँटलगायतका काम गर्न संवैधानिक अङ्गका रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिकल्पना संविधानले गरेको छ। मुलुकमा उपलब्ध साधनस्रोत र आम्दानी कसरी विभिन्न तहबीच बाँडफाँट गर्ने भन्ने प्रस्ट विधि निर्धारण गर्न तत्काल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गनुपर्ने अहिलेको अपरिहार्य आवश्यकता छ। वास्तवमा समाजवादी शासन अर्थ व्यवस्थाका मूलभूत विशेषता भनेको नै उत्पादकत्व वृद्धि, उत्पादनका साधनस्रोतमाथि स्थानीय, समुदाय, उत्पादक र श्रमिक वर्गको पहुँच र नियन्त्रणको सुनिश्चित, खुला र प्रतिस्पर्धी बजारको विकास एवं पुँजीमा वृद्धि, समन्यायिक कर प्रणाली, पुँजीको पुनःवितरण र स्वतन्त्र सामुदायिक जनसङ्गठनको विकास र समृद्ध समावेशी राष्ट्र निर्माण आदि हुन्। नेपालको प्राकृतिक स्रोतसाधन (जल, जङ्गल, जमिन)को दिगो व्यवस्थापन गर्दा समाजवादी अर्थव्यवस्थाका यिनै विशेषताहरूलाई आधार मानेर गर्नुपर्छ।

**(क) उत्पादकत्व वृद्धि :** नेपालको प्राकृतिक स्रोत साधन र उद्योग कलकारखानाको उत्पादन र उत्पादकत्व क्षमतामा व्यापक परिमाणमा वृद्धि गर्नुपर्ने हुन्छ। मुलुकमा राष्ट्रिय उत्पादकत्व वृद्धि हुन नसक्दा नै नेपालको अर्थतन्त्र परनिर्भतातर्फ उन्मुख भएको छ। कृषिप्रधान मुलुक भएर पनि खाद्यान्नमा परनिर्भर हुनु परेको तीतो यथार्थ हामीसँग छ। कूल गार्हस्थ्य उत्पादनमा विप्रेषणको महत्वपूर्ण योगदान देखिए पनि यसको अधिकांश हिस्सा अनुत्पादक क्षेत्रमा अर्थात उपभोगमा मात्र खर्च हुने गरेको छ। त्यस्तो उपभोग आयातित वस्तुबाट पूरा हुने हुँदा आयात वृद्धि भई व्यापारघाटा चुलिदैं गएको हो। 'हरियो बन नेपालको धन' भन्दा हामीलाई गर्व लाग्ने गर्दथ्यो तर अहिले त्यो इतिहासमा सिमित भइसकेको छ।

हरियो बन सक्यो, चुरे विनासमा पनि तीब्रता हुँदैछ। नदीनाला र खोलाको ढुङ्गा बालुवामा माफियाहरूको विगबिगी कहिल्यै अन्त्य भएन। मुलुकमा वर्षेनी अर्बौं रुपैयाँ मूल्य बराबरको काठ र जडिबुटीबाट बनेका औषधि तथा सामग्री आयात भइरहेका छन्। तीन दशकअघिसम्म चामल निर्यात गर्ने नेपाल अहिले हरेक महिना सरदर दुई अर्ब रुपैयाँको चामल आयात गर्ने मुलुकमा परिणत भएको छ। विगत १० वर्षमा कृषिको वार्षिक उत्पादन तीन प्रतिशतभन्दा नबढेको तथ्याङ्क छ। कम्तिमा दुई तिहाई जनता कृषिमा आधारित भएर जम्मा एक तिहाई मात्र कूल गार्हस्थ उत्पादन गर्ने नेपालको कृषि उत्पादन र उत्पादकत्व बढाउने दीर्घकालीन कृषि योजना आयो र गयो पनि तर उपलब्धि जस्ताको त्यस्तै रह्यो। यस्तो अवस्थामा अब सङ्घीय, प्रदेश र स्थानीय सरकारले उपयुक्त प्रकारको नीति, कार्यक्रम बनाई यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ। साथै, प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापनसँगै उत्पादन र उत्पादकत्व क्षमता अभिवृद्धि गर्नुपर्छ। त्यस्तै पुँजी, प्रविधि र व्यवस्थापनको माध्यमबाट नेपालको कलकारखाना र उद्योगको उत्पादन क्षमता र उत्पादकत्व वृद्धि गर्नुपर्छ।

**(ख) उत्पादक वर्ग (स्थानीय समुदाय र श्रमिक) को हकहितको रक्षा :** प्राकृतिक स्रोत साधन र उद्योग कलकारखानाहरू उत्पादनका साधन हुन्। यी उत्पादनका साधन स्रोतमाथि उत्पादक वर्ग अर्थात स्थानीय समुदाय र श्रमिक वर्गको अधिकार र सम्मानजनक सहभागिता भएन भने उत्पादकत्व वृद्धि हुन सक्दैन। यसका लागि उपयुक्त प्रकारका प्रविधि, पुँजी, सीप र लगानीको पनि उत्तिकै आवश्यकता पर्छ। त्यसैले समाजवादोन्मुख राष्ट्र निर्माणका लागि प्राकृतिक स्रोतसाधनमाथि स्थानीय समुदाय, आदिवासी, जनजाति, दलित, महिला र गरिब तथा विपन्न वर्ग एंव समुदायको सार्वभौम अधिकारको सुनिश्चित नीतिगत र कानुनी रूपमा गर्नुपर्छ। किनभने प्राकृतिक स्रोतमा निर्भर समुदाय, उद्योग, कलकारखानामा काम गर्ने श्रमिक वर्ग नै प्रमुख रूपमा उत्पादक वर्ग हुन्। कुनै पनि मुलुकको सामाजिक, राजनीतिक, आर्थिक, वर्गीय, क्षेत्रीय, प्रादेशिक सबै समस्याहरूको सोझो सम्बन्ध त्यहाँको आर्थिक गतिविधिसँग गाँसिएको छ। किनभने आर्थिक सम्बन्ध वा अन्तरसम्बन्धमा देखापर्ने जटिलता वा समस्याका कारण नै समाजमा सामाजिक, राजनीतिक, धार्मिक, वर्गीय, जातीय, लिङ्गीय विभेद्हरू सिर्जना हुन्छ। यिनै विभेद्हरू गहरिएर बढ्दै जाँदा समाजमा द्वन्द्व, विद्रोह र विखण्डनजस्ता कुराले प्रश्रय पाउँछन्। त्यसैले आर्थिक सम्बन्ध वा अन्तरसम्बन्ध तथा यसत्रबाट सिर्जित सामाजिक, प्रादेशिक र राष्ट्रिय तरङ्गहरूको विश्लेषण गर्नु भनेको नै मुलुकमा विद्यमान समस्या वा जटिलताहरूको सुक्ष्म रूपमा उपचार खोज्न सक्नु नै हो।

**(ग) स्वतन्त्र बजार र पुँजीको विकास :** प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन र उद्योग कलकारखाना एवं सेवा क्षेत्रबाट भएको उत्पादनलाई बजारमा स्वतन्त्रतापूर्वक प्रवेश गर्न दिई पुँजीबजारको विकास गर्न दिन सक्नुपर्छ। स्थानीयदेखि राष्ट्रिय उत्पादनको सुरक्षाका लागि राज्यले आवश्यक नीति, कार्यक्रम र बजेट विनियोजन गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। किनभने स्वतन्त्र बजार र पुँजीको विकास नै समाजवादी अर्थव्यवस्थाको मूल मर्म हो।

**(घ) समन्यायिक कर प्रणाली :** कर तिर्नु प्रत्येक नागरिकको कर्तव्य र दायित्व पनि हो। त्यस्तै नागरिकबाट सङ्कलित करको सही र उपयुक्त उपयोग गर्नु राज्यको दायित्व हो। तर नेपाली समाजमा कर तिर्नुपर्छ भन्ने मान्यता स्थापित भइनसकेको अवस्थामा आम नागरिकलाई सहजरूपमा कर तिर्ने वातावरणको सिर्जना गर्नु राज्यको कर्तव्य हो। नागरिकले कर तिरेअनुसारको सेवासुविधा प्रदान गर्न नसक्नु र सोही करको दुरुपयोग गर्दै पहुँचवालाहरूले व्यक्तिगत प्रयोजनमा खर्च गर्ने प्रवृति नै यसको प्रमुख कारण हो। राज्यलाई प्रभाव पार्न सक्ने सीमित व्यक्तिले यसरी करको दुरुपयोग गर्दा सम्रग कर नीति र प्रणालीप्रति नै आम जनताको नकारात्मक सोच उत्पन्न हुनु दुर्भाग्यपूर्ण हो। स्वतन्त्र बजार र पुँजीको विकास संगै त्यसकाट हुने आम्दानीमा समन्यायिक कर प्रणालीको विकास गर्नुपर्छ। यसो भन्नुको अर्थ धेरै आम्दानी गर्नेले धेरै कर तिर्ने र कम आम्दानी गर्नेले कम कर तिर्ने र कमाई गर्न नसक्ने गरिब, विपन्न वर्गले कर छुट प्राप्त गर्ने कर प्रणाली नै समन्यायिक कर प्रणाली हो।

**(ङ) पुँजी र राजस्वको न्यायोचित वितरण :** समाजवादोन्मुख समृद्ध राष्ट्र निर्माणका लागि आर्जन गरेको पुँजी र जम्मा भएको राजस्वलाई स्थिर भएर राख्नुभन्दा यसको न्यायोचित परिचालन गर्नुपर्छ। यस्तो पुँजी र राजस्वको बाँडफाँट गर्दा गरिब, विपन्न जनताको जीविकोपार्जनको समस्या समाधान गर्न ज्येष्ठ नागरिक, विधुवा, शारीरिक असक्त, बालबालिका आदिका लागि विशेष

***बाँकी तीन पृष्ठमा***

# वन र निकुञ्ज क्षेत्रमा हुने डढेलो नियन्त्रणका लागि सजगता

चितवन, ५ फागुन (रासस)।

गर्मी समय सुरू भएसँगै निकुञ्ज र वन क्षेत्रमा हुने डढेलो नियन्त्रणका लागि सरोकारवाला चनाखो बन्न आग्रह गरिएको छ।

फागुन लागेपछि वन क्षेत्रमा हुन आगलागीका कारण विभिन्न समयमा धनजनको क्षति हुने भएकाले निकुञ्ज र वन क्षेत्रमा आगलागी हुन नदिन सबैलाई अनुरोध गरिएको हो।

डिभिजन वन कार्यालय र चितवन राष्ट्रिय निकुञ्जले वन क्षेत्रमा हुने डढेलो नियन्त्रणका लागि सबैलाई तयारी हुन आग्रह गरेका छन्। वन कार्यालयका सूचना अधिकारी देवीप्रसाद पौडेलका अनुसार कार्यालय मातहतका सबडिभिजनलाई पत्राचार गरिसकिएको छ। सबै सबडिभिजनमा अग्नि नियन्त्रण समूह गठन गरी आगो निभाउन, अग्नी नियन्त्रण रेखा स्थापना गर्ने लगायतका काम भइरहेको उहाँले बताउनुभयो। बरण्डाभार क्षेत्रमा बढी मात्रामा आगोको जोखिम रहेकाले सबै क्षेत्रमा अग्नि रेखा कायम गरी यसलाई स्थापित गर्न आग्रह गरिएको छ।

स्थानीय जनप्रतिनिधि र सरोकारवालाबीचको अन्तरक्रियासहित अग्नि नियन्त्रणका लागि परिचालन गर्न लागिएको उहाँले बताउनुभयो। यसै अभियानका लागि कार्यालयले हरित स्वयंसेवक छनोटको काम सकेको उहाँले जानकारी दिनुभयो। वन रक्षकसहित हरित स्वयंसेवकले डढेलोका कारण हुन सक्ने क्षति न्यूनीकरण, डढेलो नियन्त्रणलगायत क्षेत्रमा काम गर्नेछन्।

पौडेलले भन्नुभयो, "डढेलो नियन्त्रणका लागि आवश्यक सामग्री समुदायस्तरमा पुऱ्याइएको छ भने केही पुऱ्याउन बाँकी रहेको छ। हरेक सबडिभिजन क्षेत्रमा रहेको नेपाल प्रहरी एवं सुरक्षाकर्मीहरूलाई अग्नि नियन्त्रक सामग्री उपलब्ध गराउने तयारी गरेका छौँ।" पानीको ट्याङ्की, फायर स्वाटर, वाटर ब्याग, वाइल्डब्लोर लगायतका सामग्री खरिद गरी वितरणको प्रक्रिया सुरू गरिएको उहाँले बताउनुभयो।

वन क्षेत्रमा घाँस दाउरा गर्न जाँदा चुरोट खाएर ठुटा ननिभाई फाल्ने, आगो लगाएर ननिभाई हिँड्ने जस्ता कार्यले गर्दा आगो बस्तीमा पस्ने गरेको उहाँले बताउनुभयो। यसलाई रोक्नका लागि डिभिजन वन कार्यालयअन्तर्गत रहेका सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र संरक्षित क्षेत्र परिषद्का उपभोक्तालाई सचेतनाका लागि अभियान चलाइएको उहाँले जानकारी दिनुभयो। वन कार्यालय मातहतमा ५४ हजार हेक्टरभन्दा बढी जमिनमा रहेको वन रहेको छ।

यस्तै चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले मध्यवर्ती क्षेत्रबाट डढेलो सल्किने गरेको भन्दै उपभोक्तालाई सजग रहन आग्रह गर्नुभयो। निकुञ्जको कूल क्षेत्रफल नौ सय ५२ दशमलव ६२ वर्ग किलोमिटर रहेको भए पनि मध्यवर्ती क्षेत्रमा घाँस दाउरा गर्न आउनेले आगो लगाइ दिँदा निकुञ्जको चुरे क्षेत्र बढी प्रभावित बन्ने गरेको उहाँले बताउनुभयो।

कतिपय स्थानमा निकुञ्जले घाँसेमैदान व्यवस्थापनका लागि आफैँ डढेलो लगाउने गरेको भए पनि अनियन्त्रित डढेलोका कारण वन र वन्यजन्तुमा नकारात्मक प्रभाव पर्ने भएकाले डढेलो लाग्न नदिने उपायको बारेमा स्थानीय उपभोक्तासँग छलफल गरिएको उहाँले बताउनुभयो। अहिले निकुञ्जमा फायरलाइन निर्माण, सरसफाइ, अग्नि नियन्त्रण सामग्रीको मर्मतलगायत काम भइरहेको उहाँले जानकारी दिनुभयो। निकुञ्जमा प्रयाप्त मात्रामा अग्नि नियन्त्रणका लागि सामग्री नभए पनि उपलब्ध सामग्रीबाट काम लिइँदै आइएको छ।

# पर्सामा वन जोगाउनै मुस्किल

वीरगञ्ज (पर्सा), ५ फागुन (रासस)।

पर्सा जिल्लामा तीन साझेदारी वन र त्यसको आसपासको क्षेत्रमा गरेर चार सय ६८ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ।

डिभिजन वन कार्यालय पर्साका अनुसार जिल्लामा ठोरी, गादीमाई, बिन्ध्वासिनी, सबैया साझेदारी वन क्षेत्र बढी अतिक्रमणमा परेको छ। डिभिजन वन कार्यालय पर्साका डिभिजन वन अधिकृत मन्जुर अहमदले जिल्लाको ठूलो जनसङ्ख्याको लागि काठको अत्यधिक माग र कमजोर वन प्रशासनको फाइदा लिँदै तस्करबाट वन फँडानीका कारण पनि वन अतिक्रमण गर्ने प्रवृत्ति देखिएको जानकारी दिनुभयो।

"डिभिजन वन कार्यालयसँग दरबन्दी अनुसारको कर्मचारी पनि छैनन्। जसको कारणले सीमित जनशक्तिको कारणले पनि पर्याप्त मात्रामा अनुगमन र रेखदेख गर्न पनि समस्या भएको छ," उहाँले भन्नुभयो,"कार्यालयमा एक सय कर्मचारीको दरबन्दी भए पनि अहिले ५३ जना कर्मचारी मात्रै रहेका छौँ। सीमित स्रोतसाधन र जनशक्तिकोबीच काम गरिरहेका छौँ।"

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०८० को प्रतिवेदन अनुसार पर्सा जिल्लामा सबैभन्दा धेरै वन अतिक्रमण परेको क्षेत्रमा ठोरी ४ बाराहनदीदेखि पश्चिम क्षेत्र पर्दछ। जहाँ दुई सय हेक्टर वन अतिक्रमणमा परेको छ। गादीमाई साझेदारी वन क्षेत्र १६७ दशमलव ६८ हेक्टर अतिक्रमणमा परेको छ।

सखुवाप्रसौनी साझेदारी वन ३३ दशमलव २ हेक्टर, सबैया साझेदारी वन २२ दशमलव २३ हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ। त्यस्तै, बिन्ध्वासिनी साझेदारी वन १२ दशमलव ६ हेक्टर अतिक्रमणमा परेको कार्यालयले जनाएको छ। डिभिवन वन अधिकृत अहमदले साझेदारी तथा अन्य वन जोगाउन सबैले हातेमालो गरेर अघि बढ्नुपर्ने बताउनुभयो।

"अहिले त वन जोगाउने काम डिभिजन वन कार्यालयको मात्रै भन्ने भाष्य निर्माण भइरहेको छ," उहाँले भन्नुभयो,"वन जङ्गल जोगाउनका लागि सबै हातेमालो गरेर अघि बढ्न जरुरी भइसकेको छ।" कार्यालयका अनुसारजिल्लामा सार्वजनिक विद्यालय, मठमन्दिर, प्रहरी, सेनाका ब्यारेक, सडक आदी भौतिक पूर्वाधार निर्माणमा समेत वनक्षेत्रको केही भाग अतिक्रमण गरेर पूर्वाधार लगायतका संरचना पनि निर्माण गरिएको छ। कार्यालयसँग पर्याप्त जनशक्ति नहुँदा पनि नियमित रूपमा वन अनुगमन र निरीक्षण गर्न समस्या भइरहेको छ।पर्सामा ११ हजार पाँच सय ७५ हेक्टर वनक्षेत्र छ। पर्सामा चारवटा सामुदायिक वन र तीनवटा साझेदारी वन रहेका छन्। यहाँको वनमा साल, खयर, मसला, टिक, सिमल, सिसो, जामुनलगायत प्रजातिका रुख छन्।

## प्रजातन्त्र...

भत्ता व्यवस्था गर्नुपर्छ। यसैगरी पिछडिएको वा पछाडि पारिएको दुर्गम र अन्य क्षेत्रमा विशेष बजेट र कार्यक्रम सञ्चालन गर्नुपर्छ। साथै, मानवीय पुँजी बढाउन, भोकमरी कम गर्न र खाद्य सुरक्षा कायम गर्नमा यसले महत्वपूर्ण योगदान गर्छ। त्यस्तै रोजगारी प्रवर्द्धन गरी समग्रमा समावेशी आर्थिक विकास एवं वृद्धि हासिल गर्नमा यसको भूमिका महत्वपूर्ण रहेको छ। आय र अवसरहरूमा सबैको समानुपातिक पहुँच बढाउने आर्थिक नीतिलाई बल पुऱ्याउने हुँदा सामाजिक सुरक्षा कार्यक्रमलाई विश्वका धेरैजसो मुलुकले आत्मसात् गर्दै आएका छन्। सामाजिक सुरक्षा भनेको कुनै व्यक्ति वा लक्षित समूहलाई नगद हस्तान्तरण गर्नु भन्ने मात्र होइन, उनीहरूका लागि आयमूलक, अन्य मानवीय विकासको अवसर सिर्जना र कर सहुलियत, बजार सम्बन्ध, शैक्षिक र स्वास्थ्यजन्य पहुँच सुनिश्चित गर्नु पनि हो। सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत कुनै देशले वृद्धवृद्धा वा ज्येष्ठ नागरिक वा गरिबलाई सोझै नगद अनुदान दिइने व्यवस्था गरेका हुन्छन् भने धेरैजसो देशले त आयआर्जन र अन्य समान पहुँचको अवधारणालाई अभ्यास गर्दै आएका छन्।

**(च) स्वतन्त्र, आत्मनिर्भर र समृद्ध राष्ट्र निर्माण :** अभावबाट मुक्ति, दिगो र समानुपातिक विकास, स्वतन्त्रता र पहिचानसहितको आत्मसम्मानयुक्त जीवन आमनेपालीको अभिलाषा हो। सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने तथा आर्थिक असमानता घटाउँदै क्षेत्रीय र प्रादेशिक सन्तुलन कायम गर्ने, रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने, सुशासन र सेवा प्रवाहमा प्रभावकारिता देखाउने, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासमा जोड दिई समावेशी विकाससहितका लक्षित कार्यक्रम सञ्चालन गर्ने जस्ता विषयहरू चुनौतीपूर्ण बन्दै गएका छन्। त्यसैले अबको मुख्य दायित्व भनेको नै गरिबी निवारण, भूकम्पपछिको पुनःनिर्माण र मुलुकको आर्थिक तथा सामाजिक विकास एवम् सम्बृद्धि हुनुपर्छ। यसका लागि सरकार र राजनीतिक दल अत्यन्त गम्भीर भएर संघीयताको उपयुक्त अवधारणालाई प्रभावकारी र व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याउन सक्नुपर्दछ। सङ्घीयतासहित समावेशी स्वरूपमा आधारित आर्थिक, सामाजिक, राजनीतिक र संस्थागत नीतिको अवलम्बनबाट मात्र आर्थिक समृद्धि र सामाजिक न्यायसहितको आर्थिक विकास हुन सक्दछ। त्यति भए मुलुक अवश्य आर्थिकरुपले समृद्ध र समाजवादोन्मुख अर्थतन्त्रको विकास सुनिश्चित हुन्छ।

## वैवाहिक...



तडक भडक र फजुल खर्चभन्दा अध्यनरत गरिब तथा विपन्न बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेर २५औं वर्षगाठ मनाउँदा खुशी लागेको मनिष दुगडले बताए।

विपन्न समुदायका बालबालिकालाई पढाईमा सहजता र विद्यालय आउन प्रोत्साहन गर्ने उदेश्यले कुनै तामझाम नगरि बालबालिका बीच वर्षगाठ मनाएको दुगड दम्पतिले सुनाए। यसले आफूलाई सन्तुष्टि र विपन्न परिवारलाई थोरै भएपनि राहत मिलेको उनीहरुको भनाई छ।

बुवा फुसराज, आमा किरण देवी र काका हनुमान सहित विद्यालय पुगेका मनिष र मधुले अध्ययनरत बालबालिकालाई शैक्षिक सामग्री मात्र वितरण गर्दै त्यही केक काटेर बालबालिकालाई समेत खुवाउँदै आफ्नो २५औं वर्षगाठ मनाएका थिए।

सो अवसरमा नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, राजविराज नगरपालिकाका शिक्षा संयोजक भोगेन्द्र यादव, नेपाल पत्रकार महासंघ केन्द्रीय परिषद सदस्य मनोज कुमार माझी, मारवाडी युवा मञ्चका अध्यक्ष होमेश कावरा, प्रध्यानाध्यापक निर्मला देवी यादव, नेपाली काँग्रेस नगरसमितिका उपाध्यक्ष अनिल यादव, पूर्व वडा अध्यक्ष माँगीलाल नाई लगायतले उनीहरुलाई शुभकामना यो समाजकै लागि उदाहरणिय काम भएको बताए।

# विश्व समाचार

## तालिबान प्रतिनिधिमण्डल दुर्लभ जापान यात्रामा

काबुल, ५ फागुन (रासस/एएफपी)।

तालिबान सरकारको एक प्रतिनिधिमण्डलले सोमबार पहिलो पटक जापानको भ्रमण गरेको छ। तालिबान अधिकारीद्वारा विरलै देशबाहिर भ्रमण गर्ने गरेको पाइन्छ।

उच्च शिक्षा, परराष्ट्र र अर्थ मन्त्रालयका अधिकारीहरू सम्मिलित अफगान प्रतिनिधिमण्डल शनिबार काबुलबाट एक हप्ता लामो भ्रमणमा जापान गएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

"हामी बलियो, एकताबद्ध, उन्नत, समृद्ध, विकसित अफगानिस्तानका लागि र अन्तर्राष्ट्रिय समुदायको सक्रिय सदस्य बन्नका लागि विश्वसँग सम्मानजनक अन्तरक्रिया चाहन्छौं," प्रतिनिधिमण्डलमा सहभागी अर्थ मन्त्रालयका उपमन्त्री लतिफ नजरीले शनिबार सामाजिक सञ्जाल एक्समा एक सन्देश जारी गर्दै भन्नुभएको छ।

तालिवान सरकारका अधिकारीले मध्य एसिया, रूस र चीनलगायत छिमेकी र क्षेत्रीय मुलुकहरूको नियमित भ्रमण गर्दै आएपनि ती मुलुकबाहेकका राष्ट्रमा विरलै भ्रमण गर्ने गरेका छन्। तालिबानले यसअघि ले सन् २०२२ र सन् २०२३ मा नर्वेमा हुने कूटनीतिक शिखर सम्मेलनका लागि औपचारिक रुपमा युरोपको भ्रमण गरेको थियो।

काबुलमा रहेको जापानी दूतावास पूर्ववर्ती विदेशी समर्थित सरकारको पतन र सन् २०२१ मा तालिबानले कब्जा गरेपछि अस्थायी रूपमा कतारमा सारिएको थियो। यद्यपि, त्यसपछि यसले देशमा कूटनीतिक र मानवीय गतिविधिहरू पुनः सुरु गरेको छ।

## चिनियाँ राष्ट्रपति सी र ज्याक मालगायतका उद्यमीबीच भेटवार्ता

बेइजिङ, ५ फागुन (रासस/एएफपी)।

चीनका राष्ट्रपति सी चिनफिङले सोमबार अलिबाबाका सहसंस्थापक ज्याक मालगायत निजी क्षेत्रका शीर्ष व्यापारिक नेतृत्वसँग भेटवार्ता गरेको चिनिया सरकारी सञ्चारमाध्यमले जनाएका छन्।

एक दशकभन्दा बढी समयअघि सत्तामा आएदेखि नै सीले विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा राज्यका उद्यमहरूको भूमिकालाई निरन्तर बढावा दिन खोज्नुभएको छ र निजी क्षेत्रको 'अव्यवस्थित' विस्तार विस्तार हुन नदिन चाहनुहुन्छ।

उहाँले प्रमुख व्यापारिक दिग्गजहरूलाई भेट्ने तयारी गरिरहनुभएको समाचार गत हप्ता सार्वजनिक भएको थियो। देशले रियल स्टेट सङ्कट, निरन्तरको कम खपत र उच्च युवा बेरोजगारीले घेरिएको सुस्त अर्थव्यवस्थासँग जुधिरहेका अवस्थामा राजनीतिक नेतृत्व र उद्यमीबीच भएको भेटवार्तालाई उच्च महत्वका साथ हेरिएको छ।

चीनको सरकारी प्रसारक सिसिटिभीका अनुसार बेइजिङको ग्रेट हल अफ द पिपुलमा भएको बैठकमा राष्ट्रपति सीलाई तालीको गडगडाहटसहित भव्य स्वागत गरिएको भिडियो चिनियाँ सञ्चारमाध्यममा सर्वत्र छाएको थियो। सिसिटिभीले तत्काल बैठकको विषयवस्तुबारे विस्तृत विवरण दिएको छैन। माको समावेशले अरबपति म्याग्नेटको सम्भावित सार्वजनिक पुनर्वासको सङ्केत गर्दछ जुन नियामकहरूसँगको विवादपछि वर्षौंपछि चर्चाबाट बाहिर छ।

पूर्व अङ्ग्रेजी शिक्षक ज्याक माले चीनको सबैभन्दा परिचित र प्रभावशाली निजी कम्पनीको रूपमा प्रविधि कम्पनी अलिबाबाको स्थापना गर्नुभएको थियो। अलिबाबाले यसै साता आफ्नो पछिल्लो त्रैमासिक आम्दानी प्रतिवेदन सार्वजनिक गर्ने अपेक्षा गरिएको छ र यस वर्ष अहिलेसम्म यसको शेयर४० प्रतिशतभन्दा बढीले बढेको छ।

सोमबारको बैठकमा विशाल प्रविधि कम्पनी हुवावेका संस्थापक रेन झेङफेई र विशाल विद्युतीय सवारी साधन बीवाईडीका संस्थापक वाङ चुआनफु पनि सहभागी हुनुहुन्थ्यो। सी, रेन र वाङले बैठकलाई सम्बोधन गरेको सीसीटीभी फुटेज प्रसारण भए पनि उनीहरूले बोलेको कुराको अडियो वा लिखित विवरण तत्काल उपलब्ध गराइएको छैन।

ब्याट्री पावरहाउस सीएटीएलका संस्थापक रोबिन जेङ र इन्टरनेट प्लेटफर्म मेइटुआनका सहसंस्थापक वाङ जिङ पनि उक्त कार्यक्रममा सहभागी हुनुभएको छ। गत वर्ष अर्थव्यवस्था पाँच प्रतिशतले वृद्धि भएको चीनले महामारीबाट बलियो पुनरुत्थान हुन सङ्घर्ष गरिरहेको छ। यो वृद्धि दशकौंपछिको सबैभन्दा सुस्त थियो।

बेइजिङले सन् २०२५ मा पनि यस्तै स्तरको आर्थिक वृद्धिको लक्ष्य राखेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारी करसहित आफ्नो कडा व्यापार नीतिलाई नवीकरण गरेपछि यसले चीनलाई पनि असर गर्ने अनुमानहरू गरिएका छन्।

ट्रम्पले यसअघि नै चीनबाट हुने सबै आयातमा १० प्रतिशत थप कर लगाउने घोषणा गरिसक्नुभएको छ भने बदलामा बेइजिङले कोइला र ग्यासलाई लक्षित गरी तत्काले कर वृद्धि गर्ने घोषणा गरिसकेको छ।

## अमेरिकामा रहेका अवैध भारतीय आप्रवासीहरूको तेस्रो समूह उत्तरी भारतमा अवतरण

नयाँदिल्ली, ५ फागुन (रासस/सिन्ह्वा)।

एक सय १२ अवैध भारतीय आप्रवासी बोकेको एउटा अमेरिकी सैन्य विमान उत्तरी भारतीय सहर अमृतसरको विमानस्थलमा अवतरण गरेको अधिकारीहरूले सोमबार बताएका छन्।

राष्ट्रपति डोनाल्ड ट्रम्पको देशमा अवैध आप्रवासीहरू विरुद्धको अभियानको एक हिस्साका रूपमा संयुक्त राज्य अमेरिकाबाट निर्वासित भारतीयहरूको यो तेस्रो समूह हो। अधिकारीहरूका अनुसार सी-१७अमेरिकी सैन्य विमान आइतबार राति अमृतसर विमानस्थलमा अवतरण गरेको थियो। आप्रवासन, प्रमाणीकरण र पृष्ठभूमि जाँचसहित सबै औपचारिकता पूरा गरेपछि निर्वासितहरूलाई आफ्नो घर जान अनुमति दिइने अधिकारीहरूले बताए।

शनिबार राति एउटा अमेरिकी सैन्य विमानले एक सय १६ भारतीय आप्रवासीलाई अमृतसर ल्याएको थियो। यसअघि फेब्रुअरी ५ मा एक सय चार भारतीयलाई संयुक्त राज्य अमेरिकाबाट फिर्ता पठाइएको थियो।

दोस्रो पटक अमेरिकी राष्ट्रपतिको पद सम्हालेलगत्तै ट्रम्पले अवैध आप्रवासीहरू विरुद्ध व्यापक कारबाही सुरु गर्नुभएको छ। गत हप्ता संयुक्त राज्य अमेरिकामा रहनुभएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले संयुक्त राज्य अमेरिकामा अवैध रूपमा बसोबास गरिरहेका आफ्ना कुनै पनि नागरिकलाई फिर्ता लिने बताउनुभएको थियो।

# कर्मचारी युनियनका नव निर्वाचित पदाधिकारीलाई प्रमाणपत्र प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ५ फागुन ।**

नेपाल निजामति कर्मचारी युनियन सप्तरीका नवनिर्वाचित पदाधिकारीलाई एक कार्यक्रमकाबीच सोमबार प्रमाणपत्र प्रदान गरिएको छ ।

जिल्ला समन्वय समितिको सभाकक्षमा उनीहरुलाई प्रमाणपत्र प्रदान गरिएको हो ।

गत माघ २६ गते भएको युनियनको जिल्ला अधिवेसनले युनियनको अध्यक्षमा सूर्यकान्त झालाई पुनः जिम्मेवारी दिदै सर्वसम्मतले नयाँ कार्यसमिति चयन गरेको थियो ।

समितिको खुला उपाध्यक्षमा रामबाबु यादव, महिला उपाध्यक्षमा कमला सुवेदी र समावेशी उपाध्यक्षमा मनोज कुमार देव, सचिवमा दीपेन्द्र प्रसाद यादव, सह सचिवमा डम्बर कुमार खंग र कोषाध्यक्षमा बिरेन्द्र यादवलाई चयन भएको थियो ।

यसैगरि सदस्यहरुमा पंकज कुमार यादव, रमेश यादव, शिवकुमार साह, दिपेश कुमार चौधरी, महेश प्रसाद यादव, अर्जुन यादव, रंजना अधिकारी, दीपनारायण रजक, रोबिन कुमार झा, उदयकान्त झा, निरज यादव र पशुपति चौधरीलाई सर्वसम्मत चयन गरिएको थियो ।

नव निर्वाचित सबैलाई निर्वाचन समितिका संयोजक किशोर प्रसाद साह, सदस्य सूर्यनारायण यादव र बालकृष्ण ढुंगानाले नव निर्वाचित पदाधिकारीहरुले प्रमाणपत्र प्रदान गरे ।

### *बिटौरी...*

सनत मण्डल, जिल्ला कार्य समितिका सदस्य शम्भु लाल देव, नेविसंघका अध्यक्ष राकेश ठाकुर लगायतको उपस्थितीमा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाईएको थियो । यसअघि सोमबार बिहान नै बसेको नगरवासीको बृहत भेलाले अन्सारीको नेतृत्वमा ५१ सदस्यीय संघर्ष समिति गठन गरेको संयोजक अन्सारीले जानकारी दिए ।

### *हत्याका...*

सप्तरीका प्रहरी निरीक्षक मनिष श्रेष्ठका अनुसार यादव र अधिकारी दुवैले साविक कमलपुर गाविस ७ बस्ने ३५ बर्षीया फुलोदेवी यादवलाई ८ भदौ २०६३ मा बिष खुवाएर मारेको थियो ।

फुलोदेवीलाई तत्कालिन हर्दिया गाविस ६ स्थित चौरमा घुमाउन बोलाई शुभनारायण यादवको घरमा लगी बिष खुवाएर मारेको पाइएको प्रहरी निरीक्षक मनिष श्रेष्ठले जानकारी दिए ।

घट्नापछि फरार रहेका दुवैजनालाई विशेष सूचनाको आधारमा पक्राउ गरिसोमबार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### *रासस...*

पूर्व अध्यक्ष विष्णुकुमार बैद्यनाथ झा, मुरली प्रसाद यादव अग्रज पत्रकार अनिल अनल तथा गणेशलाल देव सहितको सहभागिता थियो ।

यसैबीच सोही कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष श्रवणकुमार देव, पूर्व अध्यक्ष मुरलीप्रसाद यादव, अग्रज पत्रकार अनिल अनल, गणेशलाल देव सहितकालाई दोसल्ला ओढाएर सम्मान समेत गरिएको थियो ।

# मुख्यमन्त्री सिंहले दिए अस्पतालको अनुगमनलाई निरन्तरता

**दैनिक समाचारदाता**
**जनकपुर, ५ फागुन ।**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रादेशिक राजधानी जनकपुरधामस्थित निजी अस्पतालहरूको अनुगमनलाई आइतबार पनि निरन्तरता दिएका छन् ।

प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंह र मन्त्रालयका अधिकारीहरूसहित नौ वटा अस्पतालमा पुगी उनीहरुले अनुगमन गरेका छन् । मुख्यमन्त्री सिंहको टोलीले जनकपुरधामको ब्रह्मपुरीस्थित कृष्णा मेडिकलएन्ड टेक्निकल रिसर्च सेन्टर, ब्रह्मपुरीमै रहेका गीताश्री इएनटी स्पेसियालिटी क्लिनिक प्रालि र नवजीवन हस्पिटल, साकेतनगरस्थित वैदेही हस्पिटल प्रालि, जनक मेमोरियल हस्पिटल र जनकपुर मोडल हस्पिटल, रामानन्दचोक नजिकका जनकपुर गोदावरी हस्पिटल, कृष्ण हस्पिटल प्रालि र एडभान्स सिटी स्क्यानको अनुगमन गर्नुभएको छ ।

अनुगमन गरिएका अस्पतालमध्ये जनक मेमोरियल हस्पिटल, जनकपुर मोडल हस्पिटल, जनकपुर गोदावरी हस्पिटल र कृष्णा हस्पिटल प्रालि बन्द गरिएको छ । ब्रह्मपुरीस्थित कृष्णा मेडिकल एन्डटेक्निकल रिसर्च सेन्टरलाई फोहरमैला छुट्टै व्यवस्थापन गर्न निर्देशन दिइएको हो । दर्ता नरहेको ब्रह्मपुरीस्थित गीताश्री इएनटी स्पेसियालिटी क्लिनिक प्रालिलाई कागजपत्र लिएर सोमबार ११ बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाइएको छ ।

ब्रह्मपुरीस्थित नवजीवन हस्पिटलले गत चार वर्षदेखि र साकेतनगरस्थित वैदेही हस्पिटल प्रालिले दुई वर्षदेखि नवीकरण नगराएकाले सोमबार ११ बजे कागजपत्रसहित सञ्चालकलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाइएको छ । एडभान्स सिटी स्क्यानले दुई वर्ष छ महिनादेखि नवीकरण गराएको छैन ।

सोमबारबाट बन्द गरिएको जनकपुर मोडल हस्पिटलका सञ्चालकलाई अस्पतालमा जडान गरिएका सिसीटिभीका शनिबार र आइतबारका फुटेज लिएर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाइएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अस्पताल अनुगमन समितिका सदस्यसचिव सन्तोष ठाकुरले जानकारी दिए ।

बन्द अवस्थामा पनि अस्पतालमा बिरामीको उपचार भइरहेको आशङ्कामा अस्पताल सञ्चालकलाई सिसीटिभी फुटेजसहित बोलाइएको ठाकुरले बताए ।

# बालबालिकाको क्यान्सरको उपचारमा प्रयोग हुने औषधि ल्याइयो

काठमाडौँ, ५ फागुन (रासस) ।

बालबालिकाका लागि क्यान्सर रोगको उपचारमा प्रयोग गर्ने औषधि ल्याइएको छ । नेपालले 'ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुड क्यान्सर मेडिसिन्स'अन्तर्गत बालबालिकामा हुने क्यान्सर उपचारका लागि अत्यावश्यक औषधिको पहिलो चरणको औषधि आइतबार प्राप्त गरेको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले पहिलो चरणमा १० प्रकारका औषधि ल्याइएको जानकारी दिनुभयो । विश्व स्वास्थ्य सङ्गठन नेपाल कार्यालयले बालबालिकालाई प्रयोग हुने क्यान्सरको औषधि दुई हजार तीन सयभन्दा बढी प्याक नेपाल आइपुगेको जनाएको छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) नेपालस्थित कार्यालयले 'सेंट जुड चिल्ड्रेन्स रिसर्च हस्पिटल'सँग समन्वय गरी औषधि खरिद गरेको हो । नेपाललाई उक्त औषधि निःशुल्क उपलब्ध गराइएको हो ।

सेंट जुड चिल्ड्रेन्स रिसर्च हस्पिटल र डब्लुएचओको संयुक्त पहलमा संसारभरका क्यान्सरपीडित बालबालिकाको जीवनरक्षक औषधिमा पहुँच सुनिश्चित गर्न ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुड क्यान्सर मेडिसिन्स सन् २०२१ मा स्थापना गरिएको हो । सरकारले गत मङ्सिर १ गतेबाट लागू हुनेगरी चारवटा अस्पतालबाट १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्ने घोषणा गरेको छ ।

यी औषधिले भक्तपुर क्यान्सर अस्पताल, कान्ति बाल अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र भरतपुर क्यान्सर अस्पतालमा उपचाररत बालबालिकाले निःशुल्क पाउने मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो । डब्लुएचओका अनुसार नेपालमा हरेक वर्ष करिब नौ सय नयाँ बालबालिकामा क्यान्सर देखापर्ने गरेका छन् । औषधि अभाव र बिभिन्न चुनौतीका कारण एकतिहाइ बालबालिकाले मात्र उचित उपचार पाउने गरेको बताइएको छ ।

सन् २०२० मा नेपाल डब्लुएचओको 'ग्लोबल इनिसीएटिभ अफ चाइल्डहुड' क्यान्सरको प्राथमिकतामा परेको थियो । सन् २०२२ मा नेपाल ग्लोबल प्लेटफर्ममा सहभागी हुन छनोट भएका विश्वभरका छ देशमध्ये एक र विश्व स्वास्थ्य सङ्गठनको दक्षिण-पूर्वी एसिया क्षेत्रका सदस्य राष्ट्रमध्ये एकमात्र राष्ट्र बनेको थियो ।

स्वास्थ्य मन्त्रालयले सन् २०२४ को मार्चमा उक्त कार्यक्रम सञ्चालन गर्न सहमतिपत्रमा हस्ताक्षर गरेको थियो । सहमतिअनुसार नेपालले बालबालिकाको क्यान्सर उपचारका लागि पाँच वर्षसम्म निरन्तर रूपमा ३५ प्रकारका अत्यावश्यक गुणस्तरीय औषधि निःशुल्क प्राप्त गर्नेछ ।

डब्लुएचओका अनुसार नेपालमा क्यान्सरपीडित बालबालिकाको बाँच्ने सम्भावना दर हाल ३० प्रतिशतभन्दा कम छ । जबकि उच्च आय भएका देशमा दर ८० प्रतिशतभन्दा बढी छ ।

# रुख कटान गरेको अभियोगमा कर्मचारी पक्राउ

जलेश्वर, ५ फागुन (रासस) ।

महोत्तरी जिल्लाको टुटेश्वर सब डिभिजन वन क्षेत्रबाट बिना स्वीकृति संरक्षित प्रजातिका ६९ थान रुख कटान गरेको अभियोगमा नेपाल विद्युत् प्राधिकरणका कर्मचारीसहित दुई जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा नेपाल विद्युत् प्रसारण ढल्केबरका कर्मचारी धनुषाको मिथिलाबिहारी नगरपालिका-८ का कुलदिप यादव र धनुषाकै लक्ष्मीनियाँ गाउँपालिका-९ का चन्देश्वर यादव रहेको टुटेश्वर सब डिभिजन वन कार्यालयले जनाएको छ ।

हेटौँडा-ढल्केबर-ईनरुवा चार सय केभी डबल सर्किट प्रसारण लाइन आयोजना निर्माणका लागि वन कार्यालयको बिना स्वीकृति टुटेश्वर सब डिभिजन वन क्षेत्रबाट रुख कटान गरिरहेको अवस्थामा ती कर्मचारीसहित कामदारलाई टुटेश्वर सब डिभिजन वन कार्यालयबाट अधिकृत राकेश विश्वकर्माको नेतृत्वमा खटिएको टोलीले नियन्त्रणमा लिएको हो ।

विद्युत् कर्मचारी यादवलाई वन अधिकृत सहितको टोलीले ६९ वटा साखु, असना र कर्माका प्रजातिका संरक्षित रुख कटान गरेको अवस्थामा वन क्षेत्रबाट नियन्त्रणमा लिएको जनाइएको छ ।

वन ऐन २०४९ का अनुसार साल, सिमल, खयर प्रजातिका रुख ईयुसिएन सूचीमा संरक्षित रुख अन्तर्गत पर्दछन् भने यी प्रजातिका रुख कटान, ओसारपसार र निर्यातकार्य प्रतिबन्धित रहेको छ ।

महोत्तरीको बर्दिबास नगरपालिकाको खयरमारा, माईस्थान, गौरीबास लगायतका क्षेत्रमा यी प्रजातिका रुख रहेको वन क्षेत्र छन् ।

पक्राउ परेका दुवै जनालाई टुटेश्वर सब डिभिजन वन कार्यालयले वन मुद्दा अन्तर्गत महोत्तरी जिल्ला अदालतबाट १० दिनको म्याद थप गरी आवश्यक अनुसन्धान अगाडि बढाएको वन अधिकृत विश्वकर्माले बताउनुभयो ।

# फरार अभियुक्तलाई पक्राउ गर्न माग

बारा, ५ फागुन (रासस) ।

दुई साताअघि यहाँको कलैया उपमहानरपालिका-१ बैंक रोडस्थित नवजन्म पुनःस्थापना (सुधार) केन्द्रमा भर्ना गरिएका प्रदीपप्रसाद मण्डललाई निर्घात कुटपिट गरी हत्या गरी फरार अभियुक्तहरूलाई कानुनी दायरामा ल्याउन माग गरिएको छ ।

कलैयास्थित बारा उद्योग वाणिज्य सङ्घको सभाहलमा परिवारजनद्वारा आइतबार गरिएको पत्रकार सम्मेलनमा कुटपिट गरी भाईको हत्या अभियुक्तमध्येका फरार दुई जनालाई चाँडोभन्दा चाँडो पक्राउ गर्न मृतकका दाजु श्यामप्रसाद धानुकले माग गर्नुभयो । "दोषी नउम्कियोस र निर्दोष नफसोस् भन्ने हाम्रो माग छ । माघ १७ गते नवजन्म पुनःस्थापना (सुधार) केन्द्रमा भाइलाई राखेका थियौँ", श्यामप्रसाद धानुकले भन्नुभयो ।

घटनासँग जोडिएका दुई फरार अभियुक्तलाई पक्राउ गर्न नदिन राजनीतिक चलखेल भइरहेको बताउँदै धानुकले भाइको हत्यामा संलग्न आरोपितलाई चाँडोभन्दा चाँडो पक्राउ गर्न माग गर्नुभयो । पुनःस्थापना केन्द्रका सञ्चालक कलैया-३ का साहेबबाबु मन्सुरसहित दुई जना सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ ।

अनुशासन भङ्ग गरेको आरोपमा शारीरिक सजाय स्वीकार नगर्दा केन्द्रका परामर्शदातासहितले सामूहिक कुटपिट गर्दा कलैया उपमहानगरपालिका-९ का ३२ वर्षीय प्रदीप मण्डलको यही फागुन १ गते राति मृत्यु भएको प्रहरीले जनाएको छ ।

"मुक्काले अनुहारमा कुटपिट गरेको सङ्कलित प्रमाणले प्रष्ट भएको छ", बाराका प्रहरी प्रमुख सन्तोष तामाङले भन्नुभयो, "मध्यरातमा कोठाभित्र कुटपिट गरिएको रहेछ । मुर्गा बनाउन खोजिएको रहेछ, मुर्गा बन्न नमानेपछि कुटपिट गरिएको देखिन्छ ।" मण्डललाई दुई साताअघि परिवारले पुनःस्थापना केन्द्रमा राखेका थिए । पक्राउ परेका सात जनामाथि कर्तव्य ज्यान कसुरअन्तर्गत अदालतबाट सात दिनको म्याद थपको अनुमति लिइ हिरासतमा राखी थप अनुसन्धान भइरहेको बाराका प्रहरी प्रमुख तामाङले बताउनुभयो ।

कुटपिट गरिरहेको सिसीटिभीको फुटेज प्रहरीले सुरक्षित राखेको छ । भिडियो फुटेजमा शारीरिक यातना दिन खोजिएको र मृतक ओछ्यानको झुलमा लुक्न खोज्दा तानेर कुटपिट गरिएको दृश्य देखिएको छ ।

पक्राउपर्नेमा कलैया उपमहानगरपालिका-१ का २४ वर्षीय अरूण सर्राफ, १९ वर्षीय सागर गुप्ता, वडा नं २ का २१ वर्षीय परमेश्वर साह, कलैया(३ का १९ वर्षीय सरफराज मन्सुरी, वडा नं ४ का २२ वर्षीय निरज सर्राफ र वडा नं ६ का २० वर्षीय महम्मद आँसु मियाँ वडा नं ३ का २९ वर्षीय तमन्ना मन्सुरल छन् । पुनःस्थापना केन्द्रमा सञ्चालककोतर्फबाट रेखदेख गर्ने र परामर्शदाताबाहेक मण्डलसहित १४ जना बस्दै आएका थिए ।

यसैबीच मृतकका परिवारजन र आफन्तले फरार अभियुक्तलाई चाँडोभन्दा चाँडो पक्राउ गरी कानुनी दायरामा ल्याउन माग गर्दै कलैयामा प्रदर्शन गरेका थिए । मृतकलाई महिनाको रु १० हजार दिने सर्तमा सो सुधार केन्द्रमा पठाइएको थियो । मृतकको दुई छोरी र एक छोरा छन् ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*